# जिल्ला प्रशासन कार्यालय

## हुम्ला

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिमकोट, हुम्ला

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम गरिएको स्वतः प्रकाशन

(Proactive Disclosure)

## मिति २०८२ माघ देखि चैत्र मसान्तसम्म

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय हुम्ला सिमकोट,

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वतः प्रकासन

२०८२ माघ ०१ देखी २०८२ चैत्र मसान्तसम्म

(Proactive Disclosure)

जिल्ला प्रशासन कार्यालय, हुम्ला



## १. जिल्ला प्रशासन कार्यालय, हुम्लाको स्वरुप र प्रकृतिः

जिल्ला प्रशासन कार्यालयको प्रमुख कार्य जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । विकास निर्माण कार्यहरूको लागि उपयुक्त वातावरण निर्माण गर्न, समन्वय र सहजीकरण गर्न, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरूमा अर्धन्यायिक निकायको रूपमा रही न्याय निरुपण, आर्थिक अनियमितता एवम् भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरू सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

जिल्ला प्रशासन कार्यालय, हुम्लाबाट शान्ति, सुरक्षा तथा अपराधिक गतिविधि नियन्त्रण, विपद् व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह, विकास तथा पूर्वाधार



निमित प्रमुख जिल्ला अधिकारी

निर्माणका कार्यहरूमा समन्वय/सहजिकरण एवम् सुशासनका विषयमा कार्य गर्न वार्षिक कार्ययोजना तयार गरी समग्र जिल्लाको सार्वजनिक सेवा प्रवाह कार्यलाई नागरिकमैत्री रूपमा सम्पादन गर्दै आएको छ ।

**२. जिल्ला प्रशासन कार्यालय, हुम्लाको काम, कर्तब्य र अधिकारः**

जिल्ला प्रशासन कार्यालय, हुम्लाको काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेको छ-

२.१ जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने सम्बन्धी कार्य,

२.२ स्थानीय प्रशासन सञ्चालन सम्बन्धी कार्य,

२.३ नेपाली नागरिकताको प्रमाणपत्र, नाबालक परिचयपत्र वितरण,

२.४ राष्ट्रिय परिचय पत्र सम्बन्धी दर्ता कार्य,

२.५ राहदानी सम्बन्धी सेवा प्रवाह कार्य,

२.६ आदिवासी, जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्गताको सिफारिस सम्बन्धी कार्य,

२.७ संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्य,

२.८ हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी कार्य

२.९ विपद् व्यवस्थापन सम्बन्धी कार्य,

२.१० अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्य,

२.१२ सुशासन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी कार्य,

२.१३ सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य,

२.१४ लागु औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण सम्बन्धी कार्य,

२.१५ सरकारी कार्यालयहरूको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य,

२.१६ बाल कल्याण तथा बाल अधिकार सम्बन्धी कार्य,

२.१७ भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य,

२.१८ विस्फोटक पदार्थ सिफारिस र नियमन सम्बन्धी कार्य,

२.१९ विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन सम्बन्धी कार्य,

२.२० कल्याण धन र बेवारिसे धनको व्यवस्थापन सम्बन्धी कार्य,

२.२१ चिट्ठा, जुवा आदिको नियन्त्रण सम्बन्धी कार्य,

निमित्त प्रमुख जिल्ला अधिकारी

२.२२ सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण सम्बन्धी कार्य,

२.२३ जिल्ला स्तरमा सार्वजनिक उत्सव सञ्चालन सम्बन्धी कार्य,

२.२४ मुआब्जा निर्धारण तथा वितरण सम्बन्धी कार्य,

२.२५ पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस सम्बन्धी कार्य,

२.२६ जिल्ला भित्र रहेको नेपाल सरकारको सबै संम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत सम्बन्धी कार्य,

२.२७ जिल्लास्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण सम्बन्धी कार्य,

२.२८ स्थानीय तहसँगको समन्वयमा जिल्लाभित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन सम्बन्धी कार्य,

२.२९ जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको परिचालन र प्रयोग सम्बन्धी कार्य,

२.३० राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयसँगको समन्वय, सूचना संकलन र विश्लेषण सम्बन्धी कार्य

२.३१ विकास निर्माण कार्यमा सहयोग तथा समन्वय सम्बन्धी कार्य,

२.३२ कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको शुरु कारवाही र किनारा गर्ने सम्बन्धी कार्य,

२.३३ हिंस्रक जन्तु सम्बन्धी कार्य,

२.३४ सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने सम्बन्धी कार्य,

२.३५ निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन सम्बन्धी कार्य,

२.३६ नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित अन्य कार्यहरू ।

३. जिल्ला प्रशासन कार्यालय, हुम्लाको स्वीकृत दरबन्दी विवरणः

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी (रा.प.द्वि.) | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.तृ.) | १ | १ | |
| ३ | नायब सुब्बा | ४ | ४ | २ कामकाजमा खटाइएको |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्यूटर अपरेटर | २ | २ | |
| ६ | खरिदार | ४ | ४ | |
| ७ | राष्ट्रिय परिचयपत्र दर्ता अपरेटर | १ | १ | |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | |
| ९ | राष्ट्रिय परिचयपत्र दर्ता सहयोगी | १ | १ | |
| १०. | हलुका सवारी चालक | १ | १ | |
| जम्मा | | २२ | २२ | |

४. जिल्ला प्रशासन कार्यालय, हुम्लाबाट प्रदान गरिने सेवा/कार्यविवरणः

४.१ स्थानीय प्रशासन सम्बन्धी कार्यः

- शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने, गराउने,
- चिट्ठा, जुवा आदिको नियन्त्रण गर्ने, गराउने,
- सीमा क्षेत्रमा हुने अपराध नियन्त्रण गर्ने,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण, लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण, नियमन
- विदेशी नागरिकको जिल्लामा प्रवेश तथा गतिविधिको नियमन
- जिल्ला स्तरमा सार्वजनिक उत्सव सञ्चालन सम्बन्धी कार्य,
- द्वन्द प्रभावितको पहिचान तथा राहत वितरण,
- हिंस्रक जन्तुको नियन्त्रण,
- नाम, [redacted], उमेर आदि प्रमाणित,

- नाबालकको उमेर प्रमाणित,
- पेन्सन र रहलपहल सम्बन्धी सिफारिस,
- दलित, आदिवासी, जनजाति लगायत प्रमाणित,
- नाता, पारिवारिक विवरण प्रमाणित,
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन,
- सरकारी/सार्वजनिक सम्पत्ति संरक्षण,
- मुआब्जा तथा क्षतिपूर्ति निर्धारण तथा वितरण,
- सरकारी सवारी साधन नियमन,
- बाल कल्याण तथा बाल अधिकार संरक्षण,

### ४.२ नागरिकता तथा राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्यः

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण,
- वैवाहिक अंगिकृत नागरिकताको प्रमाणपत्र वितरण,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वितरण,
- नामथर जन्ममिति संशोधन,
- राष्ट्रिय परिचय पत्र वितरण दर्ता सम्बन्धी कार्य,

### ४.३ राहदानी सम्बन्धी कार्यः

- राहदानी संकलन,
- द्रुत सेवा अभिलेख प्रमाणित,
- राहदानी वितरण,

### ४.४ मुद्दा तथा उजुरी गुनासो सुनुवाई कार्यः

- मुलुकी अपराध संहिता, २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्धा शुरु कारवाही र निरुपण,
- गुनासो वा ठाडो उजुरी सुनुवाई,

### ४.५ हातहतियार नवीकरण तथा इजाजत सम्बन्धी कार्य

- हातहतियार इजाजत नवीकरण र स्वामित्व हस्तान्तरण, नामसारी,
- विस्फोटक पदार्थ सिफारिस र नियमन,



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिमकोट, हुम्ला

निमित्त प्रमुख जिल्ला अधिकारी

- विस्फोटक पदार्थ नियमन गर्ने ईजाजत वितरण तथा नवीकरण

**४.६ संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यः**

- संस्था दर्ता तथा नवीकरण,
- संस्थाको विधान संशोधन,
- संस्थाको शाखा विस्तार र स्वीकृति,

**४.७ जिल्ला विपद् व्यवस्थापन सम्बन्धी कार्यः**

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण तथा कार्यान्वयन,
- विपद् क्षति विवरण संकलन,
- विपद् पिडीत भएकाहरूलाई क्षतिपूर्ति एवम् राहत वितरण तथा पुनस्थापना

**४.८ अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्यः**

- अख्तियार दुरुपयोग सम्बन्धी उजुरी एवम् निवेदनहरू उपर प्रारम्भिक छानविन,
- भ्रष्टाचार नियन्त्रणका लागि समन्वय र सहजीकरण,

**४.९ सुशासन सम्बन्धी कार्यः**

- सरकारी तथा सार्वजनिक निकायहरूको अनुगमन तथा निरीक्षण,
- स्थानीय तहसँगको समन्वय तथा सहजीकरण,
- उपभोक्ता हित संरक्षण/संवर्द्धन,
- विकास निर्माण कार्यको अनुगमन, समन्वय/सहजीकरण,
- सूचनाको हक कार्यान्वयन,
- सार्वजनिक सुनुवाइ,

निमित्त प्रमुख जिल्ला अधिकारी

५. जिल्ला प्रशासन कार्यालय, हुम्लाका शाखाहरू र जिम्मेवार अधिकारीः

| क्र.स. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रशासन, नागरिकता, समन्वय तथा गुनासो व्यवस्थापन | स.प्र.जि.अ. राजेन्द्र कुमार चन्द | ९८५८३२०७८३ |
| २ | प्रशासन/मुद्धा /नागरिकता | ना.सु. चित्र बहादुर ठाड़ा मगर ना.सु. दिपककुमार दसौदी खरिदार सुनिल आचार्य खरिदार हरि प्रसाद शर्मा खरिदार विरेन्द्र थापा खरिदार धन बहादुर राना का.स. नर बहादुर रोकाया का.स.विनय रोकाया | ९८५८०३९१९९ ९७४२२१८६३० |
| ३ | कम्प्यूटर | क.अ. ज्ञानी सुनार क.अ. सुन्तली रोकाया | ९८४८३३९८६६ |
| ४ | लेखा | लेखापाल निराजन कुमार गुप्ता | ९७४६८२२०३० |
| ५ | राष्ट्रिय परिचय पत्र | क.अ.संन्जिता . रोकाया बालकृष्ण रोकाया . | ९८४८३६९५५१ |

६. सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधिः

| क्र.स. | सेवा सुविधाको विवरण | लाग्ने दस्तुर रू. | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता | | | |
| १.१ | वंशजको आधारमा नागरिकता | रू. १० को टिकट | प्रमाण पुगेको खण्डमा उसै दिन | |
| १.२ | वैवाहिक अंगिकृत नागरिकता | रू. १० को टिकट | निवेदन दर्ता गरेको भोलिपल्ट | |
| १.३ | कर्मचारी परिवारको नाताले ना.प्र.लिंदा | रू. १० को टिकट | प्रमाण पुगेको खण्डमा उसै दिन | |
| १.४ | नेपाली नागरिकताको प्रतिलिपि | रू. १५ को टिकट | सोही दिन | |
| १.५ | विदेशमा जन्मस्थान राखी नागरिकताको प्रमाणपत्र जारी सम्बन्धमा | रू. १० को टिकट | प्रमाण पुगेको भोलिपल्ट | |
| २ | राहदानी | | | |

| | | | | |
|---|---|---|---|---|
| २.१ | सम्बन्धित जिल्लाबाट नागरिकता लिई सोही जिल्लामा स्थायी ठेगाना भएकाहरूको हकमा | रू.५००० | प्रमाण पेश गरेको कम्तीमा ४० दिनपछि | |
| २.२ | नाबालकको हकमा (१० वर्षभन्दा कम उमेरका नाबालक) | रू.२५०० | प्रमाण पेश गरेको कम्तीमा ४० दिनपछि | |
| २.३ | राहदानी हराई अर्को बनाउनु परेमा | रू.१०००० | प्रमाण पेश गरेको ४० दिनभन्दा बढी | |
| २.४ | राहदानी भिजेको, केरमेट वा च्यातिएको र विवरण फरक परेकोमा | रू.१०००० | प्रमाण पेश गरेको ४० दिनभन्दा बढी | |
| ३ | नाबालक परिचय पत्र | रू. १० को टिकट | सोही दिन | |
| ४ | नयाँ सिमा पास वितरण तथा नवीकरण | रू. १० को टिकट | सोही दिन | |
| ५ | **राष्ट्रिय परिचय पत्र-** | | | |
| १ | राष्ट्रिय परिचय पत्र दर्ता कार्य | | प्रमाण पेश गरेको सोही दिन | |
| ६ | नाता प्रमाणित | रू. १० को टिकट | सोही दिन | |
| ७ | शैक्षिक योग्यताको प्रमाण पत्रमा नामथर उमेर आदि सम्बन्धी | रू. १० को टिकट | सोही दिन | |
| ८ | संस्था दर्ता सम्बन्धी | रू.१००० | सोही दिन | |
| ९ | संस्था नवीकरण | पूँजी अनुसार | सोही दिन | |
| १० | प्राइभेट फर्म नवीकरण | पूँजी अनुसार | सोही दिन | |
| ११ | एउटै भएको भन्ने प्रमाण कागज | रू. १० को टिकट | सोही दिन | |
| १२ | पारिवारिक पेन्सन केस प्रमाणित | रू. १० को टिकट | सोही दिन | |
| १३ | रहलपहल पाउने सिफारिस | रू. १० को टिकट | सोही दिन | |
| १४ | जन्म मिति प्रमाणित | रू. १० को | सोही दिन | |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिमकोट, हुम्ला

निमित्त प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | टिकट | | |
| १५ | विवाह प्रमाणित | रू. १० को टिकट | सोही दिन | |
| १६ | पत्र पत्रिका दर्ता सम्बन्धी | दैनिक पत्रिका रू.१००० अर्द्धसाप्ताहिक रू.७०० साप्ताहिक पत्रिका रू.५०० मासिक पत्रिका रू.३०० अन्य पत्रिका रू.२०० | प्रक्रिया पुगेपछि तुरुन्तै | |
| १७ | छापाखाना सञ्चालन सम्बन्धी | रू. १००० | प्रमाण पुगेको भोलिपल्ट | |
| १८ | हातहतियार | | | |
| १८.१ | हातहतियार इजाजत सम्बन्धी | नियमावलीमा व्यवस्था भए अनुसार | प्रमाण पुगेको भोलिपल्ट | |
| १८.२ | हातहतियार नामसारी | नियमावलीमा व्यवस्था भए अनुसार | प्रमाण पुगेको भोलिपल्ट | |
| १८.३ | हातहतियार नवीकरण | नियमावली बमोजिम | निवेदन परेकै दिन | |
| १९ | शान्ति सुरक्षाको निवेदन | रू.१० को टिकट | सोही दिन | |
| २० | जन सरोकारका गुनासो वा ठाडो उजुरी | रू.१० को टिकट | सोही दिन | |
| २१ | गुनासो व्यवस्थापन | रू.१० को टिकट | सोही दिन | |
| २२ | दैवी प्रकोप सम्बन्धी राहतको लागि निवेदन | | तुरून्त | |
| | | | | |

निमित्त प्रमुख जिल्ला अधिकारी

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

७.१ **निर्णय गर्ने प्रक्रियाः** सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवम् सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम

७.२ निर्णय गर्ने अधिकारीः

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारीः *प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।*

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रचलित कानून बमोजिम

९. सम्पादन गरेको कामको विवरणः

| क्र.स. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता वितरण | ६१ | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | १५८ | |
| ३ | नाबालक परिचयपत्र वितरण | ६ | |
| ४ | राष्ट्रिय परिचय पत्र विवरण दर्ता | ६७९ | |
| ५ | राहदानी वितरण | ९८ | |
| ६ | सिमा पास | ५४६ | |
| ७ | सिमा पास नविकरण | २८५ | |
| ७ | संस्था दर्ता | १ | |
| ८ | संस्था नवीकरण | ४ | |
| ९ | दलित, जनजाति सिफारिस | ४९ | |
| १० | जिल्ला सुरक्षा समितिको बैठक | २४ | |
| ११. | कार्यालय प्रमुख बैठक | ५ | |
| १२ | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | १ | |
| १३ | अन्य बैठक | ७ | |
| १४ | विपद् राहत वितरण | ० | |
| १५ | कर्मचारीको बैठक | ३ | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिमकोट, हुम्ला

निमित्त प्रमुख जिल्ला अधिकारी

१०. प्रमुख जिल्ला अधिकारी र सूचना अधिकारीको नाम र पदः

प्रमुख जिल्ला अधिकारीः

नामः टेककुमार रेग्मी

पदः प्रमुख जिल्ला अधिकारी

सम्पर्क नम्बरः ९८५८३१७७७७

सूचना अधिकारीः

नामः राजेन्द्र कुमार चन्द

पदः सहायक प्रमुख जिल्ला अधिकारी

सम्पर्क नम्बरः ९८५८३२०७८३

११. ऐन, नियम, विनियम वा निर्देशिकाका सूची

- नेपालको संविधान
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३
- अध्यागमन ऐन, २०४९
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
- अभिलेख संरक्षण ऐन, २०४६
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९
- आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५
- आर्थिक ऐन, सालबसाली
- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३
- हातहतियार तथा खरखजाना ऐन, २०१९ तथा नियमावली, २०२८
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५
- मानवरहित हवाई उपकरण (**Remotely Piloted Aircraft (RPA) Popularly Known As Drone**) उडान सम्वन्धी कार्यविधि, २०७५
- **CCTV** जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ (मिति २०७५/१०/२४)

निमित्त प्रमुख जिल्ला अधिकारी

- रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि
- वातावरण संरक्षण ऐन, २०५३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियामावली, २०७६
- विष्फोट पदार्थ ऐन, २०१८
- वैदेशिक रोजगार ऐन, २०६४
- शिक्षा ऐन, २०२८
- श्रम ऐन, २०७४
- संक्रामक रोग ऐन, २०२०
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- संस्था दर्ता ऐन, २०३४
- सशस्त्र प्रहरी ऐन, २०५८
- सामाजिक ब्यबहार सुधार ऐन, २०३३
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक सडक ऐन, २०३१
- सुशासन (ब्यबस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सुचनाको हक सम्बन्धी ऐन, २०६४
- सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६
- हातहतियार खरखजाना ऐन, २०१९
- होटल व्यवस्था तथा मदिराको बिकी वितरण नियन्त्रण ऐन, २०२३
- जिल्ला प्रशासन कार्यालय एवम् प्रमुख जिल्ला अधिकारी संयोजक/सदस्य रहने प्रचलित कानूनहरू

ऐन, नियम, विनियम वा निर्देशिकाका सूची वेबसाइट ठेगाना https://www.lawcommission.gov.np/np/ बाट डाउनलोड गर्न सकिने व्यहोरा अनुरोध गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिमकोट, हुम्ला

निमित्त प्रमुख जिल्ला अधिकारी

१२.२ राजस्वः

| राजस्व शिर्षक | शिर्षक नं. | माघ देखि चैत्र मसान्तसम्म |
|---|---|---|
| सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १४२१२ | - |
| न्यायिक दस्तुर | १४२२१ | - |
| राहदानी शुल्क | १४२२७ | ४,७०,०००।- |
| कम्पनी रजिष्ट्रेशन दस्तूर र संघ संस्था दर्ता नविकरण | १४२५१ | ५,५००।- |
| हातहतियारको इजाजत पत्र नविकरण दस्तुर | १४२५७ | - |
| प्रशासनिक दण्ड जरिवाना र दस्तुर | १४३१२ | - |
| बेरुजु | १५१११ | - |
| जम्मा | | ४,७५,५००।- |

१२.४ धरौटी खाता

| धरौटी खाता | माघ देखि चैत्र बाँकी बैंक मौज्दात |
|---|---|
| धरौटी | रु.५५,०००।- |

१३. वेबसाइटः

https://daohumla.moha.gov.np/

१४. संचालित कार्यक्रमहरूको विवरणः

१४.१ जिल्ला सुरक्षा समितिको बैठक

विभिन्न मितिहरूमा यस अवधिमा २४ पटक जिल्ला सुरक्षा समितिको बैठक बसी शान्ति सुरक्षा र अपराध नियन्त्रण लगायतका विषयहरूमा छलफल तथा निर्णय गरी कार्यान्वयन हुँदै आएको छ ।

१४.२ अपराध न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन

जिल्ला प्रशासन कार्यालयसंगको समन्वयमा जिल्ला प्रहरी कार्यालय र सोका ईकाइबाट बिभिन्न स्थानीय तहमा अपराध नियन्त्रण सम्बन्धी सचेतनामुलक १५ वटा कार्यक्रम भएका र सो बाट ३४० जैना स्थानीय लाभान्वित भएका छन्। साथै विद्यालय, क्याम्पस, युवा क्लबमा युवा लक्षित सचेतना कार्यक्रम १ वटा सञ्चालन भएको छ। जसमा ४५ जना उपस्थित भएका थिए। सुरक्षा निकाय, प्रदेश र

स्थानीयतहसंगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी २ वटा कार्यक्रम सञ्चालन भएका छन्। जसबाट १२० जना उपस्थित भएका थिए।

यस्ता कार्यक्रमहरुबाट समाजमा वालविवाह, जातीय छुवाछुत, लैङ्गिक विभेद, वलत्कार, हत्याहिसा, चोरी, लुटपाट, विद्युतीय अपराध, अभद्र व्यवहार लगायतका अपराधमा न्यूनीकरण भई समाजमा शान्ति र अमनचयन हुने देखिन्छ।

**१५. सार्वजनिक निकायले वर्गीकरण गरेको सूचनाको नामावली र त्यस्तो सूचनामा संरक्षण गर्न तोकिएको समयावधि**

१७.१ सरकारी सार्वजनिक जग्गा

१७.२ नागरिकता वितरण

१७.३ राहदानी

१७.४ हातहतियार इजाजत तथा नवीकरण

१७.४ संघ-संस्था दर्ता

१७.५ राष्ट्रिय परिचयपत्र विवरण दर्ता सम्बन्धी

१७.६ मुद्धा उजुरी

१७.६ बैठकका निर्णय पुस्तिकाहरू

**१६. सूचना माग सम्बन्धी परेको निवेदन र सो उपर सूचना दिइएको विषयः**

यस अवधिमा सूचना माग सम्बन्धी निवेदन नपरेको ।

**१७. सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

जिल्ला प्रशासन कार्यालय सम्बन्धी सूचनाहरू कार्यालयको वेबसाइट, फेसबुक पेज तथा स्थानीय एफ. एम. पत्रपत्रिकाहरूमा प्रकाशन हुने गरेको ।

२०८२।१२।२०

निमित्त प्रमुख जिल्ला अधिकारी